महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८
चैनपुर नगरपालिका,
संखुवासभा

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय

प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. ४१

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
चैनपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)

नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ मितिः२०७८।०५।०४

च.नः २९

श्री प्रमूखज्यू,

चैनपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, संखुवासभा । **विषयः लेखापरीक्षण प्रतिवेदन**

कैफियत सहितको राय

हामीले चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०३।०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया साथ प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट भएको छैन । अन्तिम प्रतिवेदन पाना ३५(पैंत्तीस) यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. ८ करोड ६५ लाख ६२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६० लाख ८९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ करोड ८४ लाख २३ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५४ लाख ३ हजार र पेश्की बाँकी रु. ६६ लाख ४७ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं ।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका

व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत चैनपुर नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

कार्यालयको नाम : **चैनपुर नगरपालिका, संखुवासभा ।** आ.व. २०७६।७७

चैनपुर नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस पालिका अन्तर्गत ११ वडा, सभा सदस्य ५७ जना, २२३.६९ व.कि.मी. क्षेत्रफल, २८०७४ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आर्थिक वर्ष २०७६।७७ को समग्र स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको अभिलेख गरि यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ । नगरपालिकाको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन।

नगरपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ
आ.ब. २०७६।७७ को एकिकृत आर्थिक विवरण

विवरण	आय तर्फ	गतको बचत	रकम	व्यय तर्फ	रकम	रकम
आन्तरिक तर्फ	**गतको बचत**		**९३९५९६८७.३०**	**चालु खर्च**		**३८८४२७६८२.१०**
	नगद	०.००		संघीय समानीकरण	६१९९२४८२.००	
	वैक	९३९५९६८७.३०		संघीय राजस्व बाँडफाँड	४००१५७६२.११	
	गतको बचत		**१५३४२८७.८६**	आन्तरीक श्रोत	५९५४९५२.११	
धरौटी	धरौटी	१५३४२८७.८६		संघीय शसर्त	१९२२१९४८६.८८	
	चालु आ.व.को आम्दानी		**६४५६४९०५९.६४**	सामाजिक सुरक्षा	७१९७२०००.००	
सघ	वित्तीय समानीकरण	१५२१००००००.००		राष्ट्रिय परिचय पत्र तथा पंजीकरण	६८६१६०.००	
	राजस्व बाँडफाँड	५९४६१२६३.५७		प्रदेश राजस्व बाँडफाँड	४५८५५४.००	
	शसर्त अनुदान सघ	२३७७१५०००.००		प्रदेश समानीकरण	१४०००००.००	
	समपुरक अनुदान	०.००		प्रदेश सरकार शसर्त	०.००	
	विशेष अनुदान	३००००००००.००		स्थानिय पुर्वाधार साझेदारी कार्यक्रम	१३७२८२८५.००	
प्रदेश	वित्तीय समानीकरण	७१७९०००.००		**पुँजीगत खर्च**		**२२४९०२९०५.००**
	शसर्त अनुदान प्रदेश	२०३१००००.००		संघीय समानीकरण	५४०२९११३.००	
	समपुरक अनुदान प्रदेश	१००००००००.००		राजस्व बाँडफाँड	१६०५३९१९.००	
	विशेष अनुदान	२४४२०००.००		आन्तरीक श्रोत	८२२३३६१३.००	
	राजस्व बाँडफाँड	५६५१५४२.७१		संघीय शसर्त	१३८६३१६९.००	
	आन्तरिक आय	२९४२७७७५.३६		संघीय विशेष अनुदान	१०५१०२२७.००	
	सामाजिक सुरक्षा	७१९७२०००.००		प्रदेश राजस्व बाँडफाँड	८००६५७९.००	
	राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभाग	७८२१६०.००		सडक बोर्ड	०.००	

	स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	१३७२८२८५.००	**४९९१०८८.०७**	प्रदेश समानीकरण	३९७१६७४.००	
राजस्व	पर्यटन पूर्वाधार विकास आयोजना	४८८००३३.००	**५३१५१३०.५१**	प्रदेश शसर्त	१९२६३९५९.००	
धरौटी	धरौटी	४९९१०८८.०७		पदेश विशेष अनुदान	२१९७५८२.००	
	प्रकोप व्यवस्थापन	५३१५१३०.५१		प्रदेश समपुरक	९७९७०३७.००	
				राष्ट्रिय परिचय पत्र तथा पंजीकरण	९६०००.००	
				स्थानीय पूर्वाधार विकास	०.००	
				पर्यटन पूर्वाधार विकास	४८८००३३.००	
				धरौटी	१२५४४७२.९७	**१२५४४७२.९७**
				कोष तर्फ खर्च	५२७४०६३.००	**५२७४०६३.००**
				फिर्ता खर्च प्रदेश	११९०४५९.००	**११९०४५९.००**
				फिर्ता खर्च को ले नि	५१०७५०६९.१२	**५१०७५०६९.१२**
				जम्मा		
				श्रेष्ता अनुसार मौज्दात		**७९३२४६०२.१९**
				स्थानीय धरौटी खाता	५२७०९०२.९६	
				संचित कोष खाता	७४०१२६३१.७२	
				प्रकोप व्यवस्थापन कोष खाता	४१०६७.५१	
	कुल जम्मा रु.	**७५१४४९२५३.३८**	**७५१४४९२५३.३८**	**कुल जम्मा रु**	**७५१४४९२५३.३८**	**७५१४४९२५३.३८**

दफा नं.	गो.भौ.नं., मिति, व्यहोरा	बेरुजू रकम
	उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।	
१.	**वित्तिय उत्तरदायित्व जिम्मेवारी र जवाफदेहिताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ मा कार्यालयले तयार गर्नुपर्ने वित्तिय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न भनि तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सुशासन ऐन, २०६३ एवं नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ वमोजिम प्रशासनले पालना गर्नुपर्ने वित्तिय जवाफदेहिता बहन गर्नुपर्दछ । कार्यालयले पूर्ण जवाफदेहिताको लागि माथी उल्लेखित व्यवस्था अनुसारको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको छैन ।	
१.१	**वित्तिय उत्तरदायित्व बेगर आर्थिक कारोवार -** नगर पालिकामा कार्यरत लेखा अधिकृत रुद्रमणी श्रेष्ठ खांदवारी नगरपालिकामा सरुवा भएकोले मिति २०७६।१२।१ देखि रमाना भै गएकोमा साविक नगरपालिकाको च.नं.१३३१ मिति २०७६।१२।७।पत्रबाट माग भए वमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभाको मिति २०७६।१२।११ को पत्र अनुसार निजलाइ आर्थिक प्रशासन सम्बन्धी काम काज गर्न २०७७ असार मसान्त सम्मको लागि भनी चैनपुर नगर पालिकामा खटाइएकोमा लेखापरीक्षण समय २०७८ बैशाखमा पनि निजले कार्य गरि रहेको देखियो ।नगरपालिकामा लेखा सहायक पांचौ मिति २०७६।९।३ देखि नै कार्यरत रहेकोमा सुत्रमा आर्थिक कोरोवारको हिसाब अभिलेख गर्न सहयोग गर्नु पर्नेमा हाल सम्म User ID र Password नै नदिएको अवस्था देखियो।सम्पूर्ण आर्थिक कारोवारको हिसाब सुत्रमा अभिलेख गर्ने र कतिपय कारोवार सुत्रमा अभिलेख नगरी भूक्तानीको चेक समेत काट्ने बाहेक अन्य गोश्वरा भौचर खडागरी सम्बन्धित कागजात दस्तखत गर्ने लगायतका कामहरु लेखा सहायकबाट गराएको पाइयो ।अत वित्तिय उत्तरदायित्व जिम्मेवारी र जवाफदेहिता बेगरको आर्थिक कारोवार गर्ने कार्य बन्द हुनु पर्दछ ।	
२.	**स्वीकृत ढाँचाको वित्तिय प्रतिवेदन -** नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण खुलाइ पेश हुन पर्नेमा सो अनुसारको प्राप्त भएको छैन । नगरपालिकाको सम्पुर्ण आय व्ययको सम्पूर्ण आर्थिक कारोबार म.ले.प.फा.नं.२७२ मा समावेश नगरीएकोले एकिकृत आर्थिक विवरण पेश भएकोमा सो विवरणमा पनि सबै आयको बिस्तृत खुलाइ पेश भएको छैन। प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदनले सम्पूर्ण कारोवार नसमेटेको तथा एकिकृत आर्थिक विवरणले मात्र पालिकाको सम्पूर्ण आर्थिक कारोबार यथार्थ चित्रण गरेको छैन ।अत स्वीकृत ढांचाको तयार गर्नु पर्दछ ।	
३.	**निकासा आम्दानी नदेखाएको -** सडक वोर्ड नेपालको २०७६/१२/२० को पत्रमा पोखरी देखि खत्रीगाउँ सडक मर्मतको कुल लागत रु.३८५१०७० मध्ये वोर्डले व्यहोर्ने रु.२६९५७४९ निकासा लिनुहुन भनि उल्लेख गरेको छ । वैंक स्टेटमेन्ट अनुसार २०७६/४/१४ मा रु.२०८७३९३ मिति २०७६/७/५ मा रु.२४७४९२९ र मिति २०७७/३/२९ मा रु.२६४०९६६ गरी कुल रु.७२०३२८८ निकासा भएको देखिन्छ । तर यो रकम	

	प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२), स्रोत समावेश भएको आर्थिक विवरण, नगरपालिकाको यस बर्षको एकिकृत आर्थिक विवरण तथा सुत्रमा अभिलेख भएको आयव्यय विवरणमा समेत सडक वोर्ड तर्फको आम्दानी खर्च देखाएको छैन ।छलफलको क्रममा अन्य राजस्व आम्दानी देखाइ नगरपालिका पुँजिगतको आन्तरिक स्रोततर्फ अभिलेख गरीएको भनिएता पनि सो खुल्दैन । निकासा भएको रकमको छुट्टै बैक नगदी किताब खडा गरी सडक बोर्ड तर्फको अभिलेख हुनुपर्नेमा सो छैन । निकासा माग गरेको र प्राप्त गरेको पत्र प्राप्त नभएकोले वास्तविक आय रु.७२०३२८८। नै हो भनी एकिन पनि नभएको हुदा सडक वोर्ड नेपालबाट के कति रकम प्राप्त भै कहा आम्दानी भएको के कति खर्च भै बाकि रकम कहां रहेको नगरपिलकाबाट एकिन गरी पेश हुनु पर्ने रु	७२०३२८८।
४.	**आम्दानी खर्चको अभिलेख नदेखाएको** :प्रदेश सरकारबाट पूंजीगत शिर्षकमा समानिकरण अनुदान रु १००००००००। र बिषेश अनुदान २४४२०००।समेत रु १२४४२०००।प्राप्त भएकोमा यसको अलग्गै बैंक नगदी किताबमा आम्दानी खर्चको हिसाब अभिलेख गरी आर्थिक कारोवार गर्नु पर्दछ ।उक्त निकासाको बैंक नगदी किताब नै तयार भएको देखिएन ।लेखापरीक्षणको समयमा सोधि गर्दा लेखा अधिकृत रुद्रमणी श्रेष्ठबाट उक्त बजेट नगरपालिका चालुमा परेको भनी जवाफ प्राप्त भयो । प्रदेश सरकारबाट प्राप्त बजेटको अलग्गै हिसाब अभिलेख हुनु पर्नेमा अन्य शिर्षकमा मिसमास गरी खर्च गरेकोले यो बजेट कहा के कुन कुन कार्यमा खर्च भएको हो सो को करण सहित बिष्तृत विवरण पेश हुनु पर्ने रु	१२४४२०००
५.	**सुत्रमा हिसाब अभिलेख नगरेको** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले नि:शुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले प्रदेश संचितकोष व्यवस्थापन प्रणाली Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसार कार्यक्रमको बजेट तथा खर्च रकम सुत्रमा अभिलेख नगरेको देखियो । सुत्रमा अभिलेख भएको ०७६/७७ को कारोबारको आय व्यय विवरण अनुसार चालुमा रु ३०१४३६४६२।९९ र पुँजीगतमा रु २१९९२६८७२। समेत वर्षभरिमा कुल खर्च रु ५२१३६३३३४।९९ भएको देखिन्छ । यो खर्चमा निम्न बजेट उपशिर्षकमा भएको रु ९१३६३२७८। समावेश भएको छैन । सो समेत समावेश गर्दा पालिकाको कुल खर्च रु ६१२७२६६१२।९९ भएको देखिन्छ । पालिकाको सम्पूर्ण आर्थिक कारोवारको अभिलेख सुत्रमा नगरीएका कारण पेश भएको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) विवरणले पालिकाको सम्पूर्ण आर्थिक कारोबार यथार्थ चित्रण गरेको छैन ।	

सि.नं.	कार्यक्रम	खर्च
१	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण चालु	६८६१६०।
२	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण पूजिगत	९६०००।
३	स्थानीय पूर्वाधार विकास साझेदारी	१३७२८२८५।
४	पर्यटन पूर्वाधार विकास कार्यक्रम	४८८००३३।
५	सामाजिक सुरक्षा कार्यक्रम	७१९७२०००।
		९१३६३२७८।

६.	**नगदी किताबमा दोहोरो अभिलेखः** नगरपालिका पुँजिगततर्फ लेखापरीक्षणमा पेश भएको बैंक नगदी किताबमा भएका २३८ भौचर संख्याको कुल खर्च रु.१७१४४५४८९ रहेको छ।परीक्षणको क्रममा भौचर २२९ देखि २३३ सम्मका रु.१८०२६६८ रकमका ५ वटा भौचर दोहोरो अभिलेख गरेको देखियो।सुत्रमा अभिलेख भएको बैंक नगदी किताब परीक्षाण गर्दा कुल खर्च पनि बराबरी भएको र भौचर संख्या पनि मिलेको देखिन्छ।सुत्रमा अभिलेख भएको बैंक नगदी किताबमा भन्दा फरक नमिलेको बैंक नगदी किताब लेखापरीक्षणका लागि पेश भएबाट कारोरवारको अभिलेख सुत्रमा गरि सकेपछि बैंक नगदी किताब स्वतः आफै तयार हुन्छ तर डाउनलोड गरे पश्च्यात सच्याइ लेखापरीक्षणका लागि पेश भएबाट हिसाब अभिलेख चुस्त दुरुस्त नभएको र शंखास्पद देखिएको	

	छ।	
७.	**कुल खर्च फरक पेशः** सुत्रमा अभिलेख भएको नगरपालिका चालुतर्फको २०७७/३/२९ को ४.४० बजे प्रिन्ट गरी लेखापरीक्षणको लागि पेश गरेको बैंक नगदी किताब अनुसार २०७७/३/३१ सम्म ५४८ गोश्वारा भौचरबाट कुल जम्मा खर्च रु.७०५७४१९९ भएकोमा लेखापरीक्षणकै क्रममा पालिकाको कुल जम्मा खर्च भिडान गर्दा बैंक नगदी किताबहरुको कुल जोड रु.५२२७२०३२८.८८ र सुत्रमा अभिलेख भएको श्रोत गत आर्थिक विवरण र आय-व्यय विवरण अनुसार रु.५२१३६३३३४.९९ भै रु.१३५६९९३.८९ फरक परेको देखिए पछि चालुतर्फको सोही मितिसम्मको ५४८ गोश्वारा भौचरसम्मको कुल खर्च रु.६९२२७२०५.११ मात्र देखाई हिसाब मिलान भएको भनी २०७८/१/९ गते ५.३० बजे प्रिन्ट गरेको बैंक नगदी किताब पेश गरिएको छ।त्यति नै गोश्वारा भौचर संख्याको खर्च फरक मितिमा फरक देखाएबाट तथा सच्याइ लेखापरीणका लागि पेश भएबाट हिसाब अभिलेख चुस्त दुरुस्त नभएको र शंखास्पद देखिएको छ।	
८.	**चेकबाट मात्र सिधै खर्च लेखेको :** मिति २०७७/३/३१ मा राष्ट्रिय बाणिज्य बैंक चैनपुरको नाममा काटिएको चेक नं.००५७३४६६३९को रु.८०४२८९, पुँजिगत खर्च खातबाट खर्च लेखी चालु खाता नं.२०३००३०२०१०००२ बिजोर खातामा जम्मा गरिदिन चेक सहित पत्र लेखेकोमा बैंकमा सो चेक २०७७/४/२८ मा मात्र बुझाएको देखिन्छ । बैक स्टेटमेन्ट अनुसार सोही दिन जम्मा गरी त्यही दिन झिकेको देखिन्छ।यसरी पुँजिगत खाताबाट चालुमा जम्मा गर्न पठाउँदा गोश्वारा भौचरबाट बैंक खर्च जनाइ बैंक नगदि किताबमा अभिलेख समेत गरेको देखिदैंन। सुत्रमा अभिलेख प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदनमा (म.ले.प.फा.नं.२७२) बर्षान्तमा बैक बाकी रु ८१५०१२५४।१९ देखिन्छ भने वित्तिय प्रतिवेदनमा (म.ले.प.फा.नं.२७२) भने रु ८०६९६९६५।१९ मात्र बाकी भै रु.८०४२८९ नै घटी देखिन्छ ।अत बचत रकम संचित कोषमा जम्मा गर्नु पर्नेमा अन्य शिर्षकमा सिधै चेक मार्फत पठाएको सम्बन्धमा वास्तविकता एकिन हुन नसकेकोले एकिन व्यहोरा पेश हुनु पर्ने रु.	८०४२८९।
९.	**कट्टी रकम ढीला दाखिला - २३६-२०७७/३/३१** आयकर ऐन,२०५८ भुक्तानीमा कट्टी भएको अग्रीम, पारिश्रमिक, सामाजिक सुरक्षा र अन्य करहरु ऐनको दफा ९० मा उल्लेख भएको म्याद भित्र कर दाखिला गर्नु पर्नेमा सो अनुसार दाखिला नगरी ढीला गरी र वर्षान्तमा एकै पटक दाखिला गर्ने गरेको देखियो।यस भौचरबाट कट्टी रकम बैंक दाखिला भनी रु.३०६६३५१ बैंक क्रेडिट गरेकोमा धरौटि खातामा रु.५०१३५०, निर्माण व्यवसायी कोषमा रु.१००२८, मु.अ.कर वापतको रु.२८८५११ र आयकर, पारिश्रमिक सामाजिक सुरक्षा करमा रु.२२६६४६२ मिति २०७७/४/२ मा मात्र बैंक दाखिला भएको देखिन्छ।ऐन अनुसार कट्टी रकम सोही वर्ष दाखिला नगर्नेलाई जिम्मेवार बनाइनु पर्दछ।	
१०.	**कट्टी रकम दाखिला नगरेको** - पालिकाबाट प्राप्त प्रमाणीत प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार तथा वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं.२७५) मा समेत कट्टी रकम रु १३९३१४१। सम्बन्धित खातामा दाखिला गर्न बाकी देखिएकोमा सो रकम सोही आर्थिक बर्ष भित्र दाखिला गरेको नदेखिएकोले दाखिला हुनु पर्ने रु	१३९३१४१।
११.	**सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिश, नाता प्रमाणित,, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिश, निशुल्क सिफारिश लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरि अभिलेखिकरण गरिनु पर्दछ ।पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।	

सेवा प्रवाहको विवरण	**निवेदन संख्या**	**सिफारिस संख्या**
नागरिकता सिफारिस	४५५	४५५
घरबाटो सिफारिस	२५७	२५७
नात प्रमाणित	२१७	२१७
जन्म मृत्यु दर्ता	१०३३	१०३३

बसाईसराई	७६	७६
सम्बन्ध विच्छेद	३	३
विवाह दर्ता	१६१	१६१
जम्मा	**२२०२**	**२२०२**

१२. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता नराखेको, बिल मिति र कार्यसम्पन्न मिति नभएको।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- कार्यालयले आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमको मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था गरेको पाइएन ।(प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को २० को नियम ९४)
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको।

आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३. **कार्यक्रमगत खाताः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३ (२) र (३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत एकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

१४. **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।

	त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ ।	
१५.	**भ्रमण अभिलेख तथा प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।	
१६.	**कन्टिन्जेन्सी खर्चः** सार्वजतिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निणर्य अनुसार कन्टिन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन । कार्यालयले यो आर्थिक वर्ष के कुन कुन शिर्षकमा के कति कन्टिन्जेन्सी खर्च भएको छ सो खुल्ने विवरण प्राप्त नभएकोले खर्चको विश्लेषण गर्न सकिएन। खर्चको अभिलेख नै नराखी खर्च गर्ने उपर जिम्मेवार बनाइनु पर्दछ ।	
१७.	**परामर्शदाताः-** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यबस्था गरेको छ । सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नमर्सलाई आधार लिनुपर्ने उल्लेख गरेको छ । कार्यालयले योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न ५ परामर्शदातालाई रु.६७६५५०१। भुक्तानी गरेको छ । यसरी परामर्शदाता नियुक्त गर्दा आन्तरिक जनशक्तिवाट कार्य सम्पादन हुन नसक्ने स्पष्ट आधार खुलाएको छैन । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
१८.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०७६।३।१० गते रु.५५०५३४६८७.३० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२९ मा पारित भएको छ । स्थानीय तहका प्रमुखले २०७६।५।३ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
१९.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम	

	बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति अनुसार तेस्रो चौमासिकमा ८३ प्रतिशत खर्त भएको मध्ये आषाढ महिनामा मात्र ५७ प्रतिशत खर्च गरेको छ ।यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	
२०.	**लक्ष्य/प्रगति स्थिति –** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५को नियम २०(१)र नियम २६ बमोजिम अनुसुची ३ को ढाँचामा बजेट खर्च समेत देखिने गरी चौमासीक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक प्रगति तयार नगरेकोले बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन । पशु सेवा शाखा स्वास्थ्य शाखा आयुर्वेद र महिला बालबालिका तथा समाज कल्याण शाखा को ७५% भन्दा न्युन प्रगति भएको देखिन्छ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
२१.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ, जसमा समायोजन भई आएका ६ जना र स्थानीय निकायका २२ जना रहेका छन् । विवरण अनुसार २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
२२.	**कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्बेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्थायी दरबन्दी पूर्ती नगरी पालिकाले विभिन्न पदमा ४३ जना कर्मचारीहरु करारमा राखी करार सेवामा रु.९२९९७४६ खर्च भएको छ । ऐनको व्यवस्था अनुसार हुनु पर्दछ ।	
२३.	**निजि सचिव** – प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको निजि सचिवका रुपमा नासु स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री टंक बहादुर रोक्कालाई नियुक्त गरी मासिक रु.२८२०० का दरले बार्षिक तलब रु.३६६६०० भुक्तानी गरेकोले अनियमित देखिएको रु	३६६६००
२४.	**कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस नगरपालिकाले कानून नबनाई यो बर्ष पालिकाका निम्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत खर्च गरेकोमा निम्न व्यहोरा देखियो ।	
२४.१.	५४२-३/३१ कार्यालयका कर्मचारी राजन कार्कीलाई २०७६ श्रावण देखि २०७७ असार मसान्त सम्म अतिरिक्त समय कार्य गरेको भनि रु.२५००० अतिरिक्त भत्ता भुक्तानी भएको देखिन्छ । सो भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम नियमानुसार कट्टा गर्नुपर्ने कर कट्टी नभएकोले कर दाखिला हुनुपर्ने रु.	३७५०
२४.२.	कार्यालयका निजि सचिव टंक बहादुर रोकालाई ६ महिना तलब (२८२००x६) बराबरको अतिरिक्त प्रोत्साहन भत्ता दिइएकोमा सासु कर कट्टी गरी रु.१६७५०७ भुक्तानी भएको देखिन्छ । सो भुक्तानी गर्दा आयकर ऐन,	२३६८८

२०५८ बमोजिम नियमानुसार कट्टा गर्नुपर्ने कर कट्टी नभएकोले कर दाखिला हुनुपर्ने रु.

२४.३. २९९-११/१५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (२) बमोजिम नगरपालिकाले कानून नबनाइ लेखाअधिकृत रुद्रमणि श्रेष्ठलाइ २०७६ कार्तिक देखि फागुन ५ महिना सम्म अतिरिक्त समय कार्य गरेको भनी रु. ५६३३२ भत्ता भुक्तानी लिएको देखिएकोले खान पाउने कानूनी आधार पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु ५६३३२

२४.४. **कर घटि कट्टी** नगर पालिकामा कार्यरत लेखा अधिकृत रुद्रमणी श्रेष्ठ खांदवारी नगरपालिकामा सरुवा भएकोले मिति २०७६।१२।१ देखि रवाना भै गएकोमा साविक नगरपालिकाको च.नं.१३३१ मिति २०७६१२।७।पत्रबाट माग भए बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभाको मिति २०७६।१२।११ को पत्र अनुसार निजलाइ आर्थिक प्रशासन सम्बन्धी काम काज गर्न २०७७ असार मसान्त सम्मको लागि भनी चैनपुर नगर पालिकामा खटाइएकोमा कार्यपालिकाको २०७७/०१/७ को निर्णयबाट निजलाई प्राप्त गर्ने सेवा सुविधा बराबरको सत प्रतिशत प्रोत्साहन भत्ता यस कार्यालयबाट उपलब्ध गराउने भनि देहाय बमोजिम भत्ता उपलब्ध गराइएको पाइयो । भूक्तानी रकममा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा सामाजिक सुरक्षा कर १ प्रतिशत मात्र कर कट्टी गरेकोले घटि कट्टी गरेको कर दाखिला हुनुपर्ने रु. २३१५२.२२

महिना	तलब	ग्रेड	जम्मा	भुक्तानी	कट्टी कर	१४ प्रतिशत
चैत्र	३७८७०	२५२६	४०३९६	३९९९२	४०४	५६५५.४४
बैशाख	३७८७०	३७८९	४१६५९	४१२४२	४१७	५८३२.२६
जेठ र असार	७५७४०	७५७८	८३३१८	८२४८४	८३४	११६६४.५२
जम्मा				**१६३७१८**		**२३१५२.२२**

२५. **कन्टीजेन्सी रकमबाट भत्ताः २३०-२०७७/०३/३०** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५को १७(१) मा कन्टीजेन्सी रकमध्ये ५० प्रतिशत भन्दा बढी रकम चालु प्रकृतिको शीर्षकमा खर्च गर्ने पाइने छैन साथै सो खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ।सोही निर्देशिका १७(४) मा कन्टीजेन्सी रकम छुट्याउँदा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्ता अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ भनी उल्लेख गरेको छ। कार्यालयले सो को लागत अनुमान तयार गरेको छैन । योजनामा कट्टी भएको कन्टीजेन्सी रकम सम्बन्धित योजनाको कार्यमा खर्च गर्नु पर्नेमा १६ जना कर्मचारीलाई प्रोत्साहन भत्ता वापतको रु.१०९००००। खर्च लेखेकोमा अतिरिक्त भत्तामा नियमानुसार १५ प्रतिशत कर रु १६३५००।कट्टा गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर १०९०० कट्टा गरी १०७९१००। भुक्तानी गरेको पाइयोकोले खान पाउने कानूनी आधार पेश गर्नु पर्ने रु. १०७९१००

२५.१ **भत्तामा घटी कर कट्टी** निर्माण कामको पेश भएको विलमा कन्टिन्जेन्सी रकम जोडी ब.ख. जनाई सोही रकम क्रेडिट गरी कन्टिजेन्सी खातामा जम्मा गरी विविध शिर्षकमा खर्च गर्ने गरेको देखियो । कन्टिजेन्सी खर्च गर्दा सार्वजनिक खरीद नियमावली,२०६४ अनुसार योजनाको सम्बन्धित कार्यमा मात्र गर्नुपर्ने व्यवस्था छ । तर नियमानुसार योजनाहरुको कार्यमा खर्च नगरी २०७५/११/१५ को कार्यपालिकाको निर्णय अनुसार प्रोत्साहन भत्ता वापत खर्च लेखेकोमा नियमानुसार अतिरिक्त भत्तामा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टा गरेकोले घटी कर रकम सम्बन्धित भुक्तानी लिने कर्मचारीहरुबाट असूल हुनुपर्ने रु १५२६००

भौ.नं. मिति	कर्मचारी संख्या	वापत	भत्ता रकम	१ प्रतिशत कर कट्टी	बाँकी १४ प्रतिशत
२३०-२/३०	१६ जना	प्रोत्साहन भत्ता	१०९००००	१०९००	१५२६००

कानून निर्माण एवं कार्यान्वयन

२६. **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले

	आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ४ वटा नियमावली, १७ कार्यविधि र २ नर्म्स गरी ३७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	
२७.	**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ८ गरी कुल १० विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	राजस्व तर्फ	
२८.	**कारोवारको लेखाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
२९.	**आन्तरिक आयको अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, बित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • मासिक राजस्वको फाँटवारी तयार नगरेको । • राजस्व समयमा दाखिला नगरेको । • प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको । • वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको । • राजस्वको बैंक हिसाब मिलान विवरण मलेप १०९ तयार नगरेको • वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको	
३०.	**रकम ढिला दाखिला** - प्रदेश आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ८(३) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
३१.	**आन्तरिक आय असुली बाँकी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा पसल घरभाडा र ठेकदारबाट रु ५३०००० समेत असुल हुन वाकी देखाएको छ तर उठ्न बाँकी रकमको आयगत लगत समेत गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा समेत यकिन गरी असुल गर्नुपर्ने रु.	५५०८००

ठेक्काको विवरण	ठेकेदारको नाम	सम्झौता मिति	ठेक्का अवधि	ठेक्का रकम	असुली रकम	असुल हुन बाँकी	कैफियत
हाटकर चैनपुर	बिधान राई	२०७६/०५/०४	१ एक वर्ष	१०००००	५०३८६	०	कोभिड १९ का कारण माघ देखिको हाटकर मिनाहा कार्यपालिकाको निर्णय०७७/०२/२८

ढुगां गिटी बालुवा	महेश चन्द्र गौतम	२०७६/१२/०६	३ महिना	५०००००	५५०००	५०००००	०
सटर भाडा ५र ६	युवराज ताम्रकार	२०७६/०९/०६	२०७७ असाढ मसान्त	५२५००	०	३००००	कोभिड १९ का कारण ३ महिनाको छुट कार्यपालिकाबाट निर्णय ०७७/०६/२७
सटर भाडा ७र८	सन्दीप नालामी	२०७६/०९/०६	२०७७ असाढ मसान्त	३६४००	०	२०८००	कोभिड १९ का कारण ३ महिनाको छुट कार्यपालिकाबाट निर्णय ०७७/०६/२७
सटर भाडा ३र४	श्रृजना तामाङ्ग	२०७६/०९/०६	२०७७ असाढ मसान्त	४३४००	३१०००	०	कोभिड १९ का कारण ३ महिनाको छुट कार्यपालिकाबाट निर्णय ०७७/०६/२६
जम्मा				**७३२३००**	**१३६३८६**	**५५०८००**	

३२. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा यस वर्ष आय अनुमान शिर्षगत रुपमा अनुमान नगरी निम्नानुसार असुली गरेको देखिन्छ।असुली गरिने कर वार्षिक वजेट विनियोजन गर्दा अनुमान गरिनु पर्दछ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

क्र.सं.	आय शीर्षक	असुली
१.	एकीकृत सम्पत्ति कर	१८०७३९१.२५
२.	भुमिकर मालपोतर	५१०५४
३.	घर बहाल कर	२५६१३२.३७
४.	विरौटी कर	७८७२०
५.	सरकारी सम्पति भाडा	३५७७६४
६.	नक्सा पास दस्तुर	२०००
७.	सिफारिस दस्तुर	१५०२९१६
८.	व्यक्तिगत घटना दर्ता	१०९४००
९.	नाता प्रमाणित दस्तुर	७६३८५
१०.	अन्य दस्तुर	१०६३३३०
११.	व्यवसाय दर्ता तथा नविकरण	२४२७०१
१२.	अन्य सेवा	२६११९०
	जम्मा	**५८०८९८३.६२**

आयकर एवं मू.अ.कर

३३. **भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. २४५६५

भौ.नं. र मिति	विवरण	कर विवरण	कर कट्टी		कर असूल गर्नुपर्ने
			भएको	हुनुपर्ने	
७७-७/२९	समाजसेवा युवा क्लबले पेश गरेको हिमाल रेडियो सर्भिसको साउन्ड सिस्टम प्रयोग गरेको कुल रु २१०००० बिल	भाडा कर	३१५०	२१०००	१७८५०
१२९-९/१३	बानेश्वर महादेव गुठी समितिले पेश गरेको हिमाल रेडियो सर्भिसको साउन्ड सिस्टम प्रयोग गरेको कुल रु ७९००० बिल	भाडा कर	११८५	७९००	६७१५
		जम्मा			२४५६५

चालु तर्फ

३४. **आर्थिक सहायता –** नगरपालिकाले सभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी नगरपालिकाको वैठकको निणर्यवाट

आर्थिक सहायता स्वरुप रु ११७०००० भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

३५. **मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा केही खर्चमा मर्मत, सम्भार तथा संरक्षण आवेदन फाराम म.ले.प.फा.नं.४१४ र मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता म.ले.प.फा.नं. ४१ तयार नगरी रु. १३८६१९२ खर्च लेखेको छ । यस्ता कार्यमा नियन्त्रण गरी नियमको पालना गर्नतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३६. **भरपाई नभएकोः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(३) मा सार्वजनिक निकायले खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । नियम ३७ (८) मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेछ । नगरपालिकाले बिल भरपाई बेगर निम्न कार्यमा खर्च गरेको देखिएको खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु. १२२१६५

गो भौ न र मिति	नाम	रकम	कैफियत
४-६/५	बिक्रम गिरी	१७०००	मिति २०७६/५/२५ देखि २०७६/६/३ सम्मको भ्रमणको हवाई टिकट बिल नभएको
२१-६/१२	हिमाल प्रसाद गौतम	३८२५	मिति २०७६/४/२ र ४/३ गते बसेको मुल्याङ्कन समितिको बैठकमा बैठक भत्ता वापतको रकम बुझेको भरपाईमा ३ जनाको सहिछाप नभएको
३१७-११/१७	लोक बहादुर श्रेष्ठ	१३७९०	वृष ब. राई र सोङ्ग फुर्वा शेर्पाको भुक्तानी भरपाईमा सहिछाप नभएको
५२४-३/२९	बल बहादुर अधिकारी	५१८५०	बैठक भत्ता भरपाईमा सहिछाप नभएको
५२४-३/२९	गणेश प्रसाद न्यौपाने	३५७००	बैठक भत्ता भरपाईमा सहिछाप नभएको
जम्मा		१२२१६५	

३७. **कोरोना शिर्षकमा खर्चः** पालिकाले कोरोना व्यवस्थापनसम्बन्धी खर्च तथा आम्दानीको छुट्टै खाता तथा श्रेस्ता खडा गरेकोमा नगरपालिका चालु शिर्षकबाट निम्न बमोजिम कोरोना रोकथाम नियन्त्रणमा खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु. ७६८८५

भौ.नं. र मिति	विवरण	खर्च रकम
३९०-२/८	सामान ढुवानी वापत भुक्तानी	१९४४५
४०८-२/२०	कोरोना व्यवस्थापन खर्च वडा नं. १०	२१०००
४८७-३/२३	कोरोना व्यवस्थापन खर्च	३६४४०
		७६८८५

३८. **खेलकुद विकास कार्यक्रमः** नगरपालिकाले खेलकुद विकास कार्यक्रम तर्फ विभिन्न संघ संस्थाहरुलाई विभिन्न खेलकुद सामाग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, विभिन्न प्रतियोगिता सञ्चालन आदि जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त संघहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता संस्थाहरुलाई नगरपालिकाबाट सामानको सदुपयोग बारे अनुगमन गर्नुपर्ने देखिन्छ । खेलकुद विकास कार्यक्रम अन्तर्गत भुक्तानी भएको केही उदाहरणहरुः

गो.भौ.नं.	संघको नाम	भुक्तानी
४२-७/१७	चित्लाङ समाज सुधार युवा क्लब चित्लाङ	५५०००
९५,९६-८/२०	गाउँ एकता सामुदायिक संस्था	७५०००
२०३-१०/२०	भगवती समाज सेवा युवा क्लब	५००००

२३७-१०/२७	युवा तथा खेलकुद विकास समिति	३३८४५०
२४०-१०/२७	वडा स्तरीय खुला भलिवल	५००००
२४१-१०/२७	चैनपुर नगर खेलकुद विकास समिति	१०००००

३९. **धार्मिक/संघसंस्था अनुदानः** नगरपालिकाबाट धार्मिक तथा सामाजिक संघसंस्थाहरुलाई विल भरपाई पेश गरेको आधारमा अनुदान रकम उपलब्ध गराएको पाइयो । खर्चको उपदेहिताको सम्बन्धमा नगरपालिकाबाट अनुगमन हुनुपर्दछ र वितरणमुखी कार्यक्रममा भन्दा स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । केही उदाहरणहरुः

भौ.नं. मिति	**संघसस्था**	**रकम**
१४४-९/१७	सिद्धकाली मन्दिर संरक्षण सम्बर्धन समिति	१५००००
७७-७/२९	समाजसेवा युवा क्लब	१५००००
७८-८/८	वानेश्वर महादेव गुठी समिति	१५००००
११६-८/२५	समाजसेवा युवा क्लब चैनपुर	३५००००

४०. **कर्मचारीलाई अनुगमन खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ३ अनुसार कुनै कर्मचारीलाई कार्यालयको काममा खटाउदा एक दिनमै फर्केर आउने स्थान भै भ्रमण (अनुगमन) भत्ताको पच्चिस प्रतिशत मात्र रकम भुक्तानी पाउने व्यवस्था रहेको छ ।निम्नानुसार भौ.नं. र मितिबाट अनुगमन मुल्यांकन वापत खर्च लिएको देखिएकोले सो खान पाउने आधार पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. ४४०७४८

भौ.नं.र मिति	**कर्मचारी संख्या**	**भुक्तानी**
१७७-२०७७/०३/१६	११	२२८८८८
१३८-२०७७/२/१८	८	२११८६०
	जम्मा	**४४०७४८**

४१. **पदाधिकारीहरुलाई दोहोरो सुबिधा —** प्रदेश नः १, गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यबस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ (१) मा नगरपालिकाका पदाधिकारीहरुको सुविधा अनुसुची १ (ख) वमोजिम हुने उल्लेख गरेको छ । त्यसैगरी, अनुसूची १ (ख) मा अनुगमन खर्च मासिक रुपमा एकमुष्ठ उपलव्ध गराउने व्यबस्था छ ।नगरपालिकाका पदाधिकारीहरुलाई पाउने सेवा सुविधा मासिक रुपमा उपलव्ध गराउँदै आएकोमा वडा तथा नगरस्तरीय विभिन्न योजना अनुगमन गरे वापतको रु १४९६८८। र कट्टी भएको कन्टीजेन्सी रकमको ६० प्रतिशत रकमबाट प्रोत्साहन भत्ता वापतको रु ३१००००।समेत निम्नानुसार भौ.नं. र मितिबाट भत्ता बुझि लिएकोले दोहोरो सुविधा लिन नमिल्ने हुदा फिर्ता दाखिला गर्नु पर्ने रु. ४५९६८८

भौ.नं.र मिति	**पदाधिकारी**	**भुक्तानी रकम**	**वापत**
१३८-२०७७/२/१८ १७७-२०७७/०३/१६	भरत कुमार खत्री	७४८४४	अनुगमन भत्ता
२३०-२०७७/०३/३०		१८००००	प्रोत्साहन भत्ता
१३८-२०७७/२/१८ १७७-२०७७/०३/१६	मुना श्रेष्ठ	७४८४४	अनुगमन भत्ता
२३०-२०७७/०३/३०		१३००००	प्रोत्साहन भत्ता
	जम्मा	**४५९६८८**	

४२. **पदाधिकारीबाट आर्थिक कारोबारः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा उपदफा (२) बमोजिमको अख्तियारी प्राप्त भएको पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्ने व्यवस्था छ । पालिकाका वडा समितिका पदाधिकारीहरुले नै आर्थिक कारोबारमा प्रत्यक्ष रुपमा संलग्न भई खर्च गर्ने गरेको पाइयो । नीति निर्माण गर्ने र कार्यान्वयन गराउने जिम्मेवारी बोकेको जननिर्वाचित पदाधिकारीहरुले नै आर्थिक

कारोवारमा संलग्न रहँदा आन्तरिक नियन्त्रणमा असर पर्ने भएकोले आफू प्रत्यक्ष संलग्न नहुने विषयमा यसरी आफैं वियरर चेक वा नगद बुझेको मनासिव देखिएन । गत आ.व. को म.ले.प. प्रतिवेदनमा यस विषयमा सुझाव दिइएकोमा यो वर्षमा पनि सुधार भएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

भौ.नं. र मिति	पद	पदाधिकारीको नाम	रकम	प्रयोजन
२८-६/१३	वडाध्यक्ष वडा न. ४	धन बहादुर तामाङ्ग	४०८९४	विविध खर्च
५४-७/२५			७६३२	विविध खर्च
१८२-१०/७			३५१५०	विविध खर्च
१८३-१०/७			१९१५०	संचार इन्धन मर्मत
५२५-३/२९			१२०८०२	विविध खर्च
१३०-९/१३	वडाध्यक्ष वडा न. ८	भरत खड्का	२८९६०	इन्धन संचार मर्मत
४६६-३/१९			१९५६०७	पदाधिकारी बैठक भत्ता
५१८-३/२८			१०८०७४	कृषि कार्यक्रम विरुवा वितरण
१३९-९/१७	वडाध्यक्ष वडा न. ७	पदम ब. तामाङ	३३५५०	विविध खर्च
४१०-२/२०			४६२०१	विविध खर्च
५१३-३/२८			१४८९२१	विविध खर्च
१६६-१०/७	वडाध्यक्ष वडा न. ५	काली ब. लिम्बु	५४०९०	विविध खर्च
२१८-१०/२१			१७४८०	विविध खर्च
५०२-३/२७			१४२२०२	तरकारी कागतीको विरुवा वितरण
५०४-३/२७			२५६००	विविध खर्च
५०५-३/२७			१४१२१९	दिपिका निजि नर्सरी
१७५-१०/७	वडाध्यक्ष वडा न. ११	धर्मराज चौहान	३५८१९	विविध खर्च
१८७-१०/०८			१०९२५७	पदाधिकारी बैठक र विविध खर्च
२०९-१०/२१			१८२३९०	वडा कार्यालय उदघाटन खर्च
४५८-३/१३			१२१२२९	पदाधिकारी बैठक भत्ता
५०९-३/२७			५९४००	चित्र ब. राई र रेल ब. राई राजस्व संकलन भत्ता
२५६-११/१	वडाध्यक्ष वडा न. १०	तेज ब. कटुवाल	२३०००	विविध खर्च
३८०-१/३१			५००००	सुत्केरी भेटघाट कार्यक्रम
४६३-३/१७			२६५९५०	कृषि फलफूल विरुवा वितरण कार्यक्रम
४८९-३/२३			९९०९०	पदाधिकारी बैठक
२६२-११/१	वडाध्यक्ष वडा न. ३	बल बहादुर अधिकारी	१०७४३८	कार्यालय व्यवस्थापन खर्च
३८६-२/३			८६१५७	विविध खर्च
२७६-११/७	वडाध्यक्ष वडा न. ९	टिकाराम तामाङ	४३३४०	विविध खर्च
३९९-२/१५			६५१००	वडासमिति
३०३-११/१६	वडाध्यक्ष वडा न. १	लोक बहादुर श्रेष्ठ	२६३२९	विविध खर्च
५२४-३/२९			१००५००	बडा वैठक विविध खर्च
३८४-२/२	का. वडाध्यक्ष वडा न. २	गणेश प्रसाद न्यौपाने	२०७३८६	विविध महिला बालवलिका आय आर्जन कार्यक्रम
४७७-३/२३			३०००००	निशान विरुवा नर्सरीको भुक्तानी
५२३-३/२९			७०३१४	विविध खर्च
४११-२/२०	वडा सदस्य वडा नं. ६	शिखर शर्मा	५९०७२	विविध खर्च
५३१-३/२९	वडाध्यक्ष वडा नं. ६	नेत्र बहादुर डांगी	१२४२१४	विविध खर्च

४३. **भत्ता वितरण गरेकोमा पनि भत्ता खर्च -** पालिको वडा नं. ४ मा सामाजिक सुरक्षा भत्ता नविकरण आ.व. २०७७/७८ का लागि नविकरण गरेवापत देहायका पदाधिकारीहरु र कर्मचारीहरुलाई प्रतिदिनको खाना खर्च वापत भत्ता रकम दिएको देखियो । वडाबाट जनतालाइ आधारभूत सेवा प्रदान गर्दा समेत पदीय दायित्व भित्र पर्ने कार्यमा समेत खान पाउने कानूनी आधार बेगर थप सुविधा भनेर लिनु उपयुक्त नदेखिएकोले दाखिला हुनु पर्ने रु ३००००

नाम	पद	भुक्तानी रकम

धन बहादुर तामाङ	वडाध्यक्ष	६०००
निर्मला लिम्बु	म.सदस्य	६०००
मन्जु वर्देवा	द.म.सदस्य	६०००
चन्द्र कुवेर फागो	सदस्य	६०००
पहलमान तामाङ	कर्मचारी	६०००
जम्मा		३००००

४४.	**निर्णय भन्दा बढी भुक्तानीः** ५२-७/२५ वडा नं. २ का वडाध्यक्ष काजी शेर्पालाई निज क्यान्सर रोग पीडित भएको भनि कार्यपालिकाले निर्णय गरी रु ५०००० भुक्तानी दिनुपर्नेमा रु ६५००० भुक्तानी भएको छ । निर्णय भन्दा बढी भुक्तानी दिनुको कारणबारे स्पष्ट हुनुपर्ने रु	१५०००
४५.	**एम्बुलेन्स मर्मतः ३०७-११/१७** प्राथमिक स्वास्थ्य केन्द्रको को.१.झ. ४७५ नं. को एम्बुलेन्स मर्मतको लागि दरबन्दी दरभाउपत्र माग भई रु. ४७२३४८ मा राज मोटर पार्टर्सले न्यूनतम दर सो कार्य गर्ने भनि निज फर्मको दरभाउ स्वीकृत भएको देखिन्छ ।निज फर्मलाई कर कट्टी गरी रु. ४६६०७७ भुक्तानी भएको छ । पुनः भौचर नं. ३२७-११/१७ बाट सोही एम्बुलेन्सको डेन्टिङ्ग पेन्टिङ्ग भनि रु ७०००० भुक्तानी बिल पेश गरी भुक्तानी लिएको देखियो । यसरी एउटै एम्बुलेन्सको मर्मतमा स्वीकृत दरमा कार्य गर्छु भनि सम्झौता गरी थप भुक्तानी लिनु मनासीव देखिएन । एउटै कामका लागि दोहोरो भुक्तानी लिएको रकम कर वाहेक असूल हुनुपर्ने रु.	६८९५०
४६.	**भ्रमण भत्ता पेश्कीः** सरकारी कामको सिलसिलामा नेपालभित्र वा विदेश भ्रमण काजमा खटिने सरकारी कर्मचारी र अन्य व्यक्तिलाई भ्रमण खर्च नियमावली बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता र अन्य रकम भए सो समेत हिसाब गरी बढी नहुने गरी पेश्की दिनु पर्नेछ र सम्बन्धित कर्मचारी तथा व्यक्तिले पनि भ्रमणबाट आफ्नो कार्यालय वा स्थानमा फर्केको वा भ्रमण कार्य पूरा गरेको मितिले पैंतीस दिनभित्र फाँटबारी पेश गरी लिएको पेश्की रकम फछ्र्यौट गर्नु पर्नेछ ।नगरप्रमुख श्री भरत कुमार खत्रीलाई रु. ५००००० भ्रमण पेश्की दिईएकोमा आर्थिक वर्षको अन्त्यसम्म ७९०००। मात्र पेश्की फछ्यौंट भएको पाइएकोमा बाँकी पेश्की फछ्यौंट गरेको नदेखिएको रु.	४२१०००
४७.	**अघिल्लो बर्षको बाँकी भुक्तानीः** २९-६/१४ अघिल्लो आ.व. मा कुल ४४३६२८६ लागतमा संचालन भएको मेयर गोल्डकपको बाँकी रकम भनि यस आ.व. मा भुक्तानी भएको देखियो । भैपरी शिर्षकबाट सूर्य किरण भण्डारीलाई रु १९४९१७.५० र टंक बहादुर रोक्कालाई रु. १९४९१७.५० गरी कुल रु. रु. ३८९८३५ भुक्तानी भएको छ । कार्यक्रम गर्नु अघि लागत अनुमान तयार गरी तोकिएको बजेटको परिधिभित्र गर्नुपर्नेमा सो नगरी अघिल्लो आ.व. को खर्चलाई बजेटले अपुग भनि भूक्तानी बाकीको प्रमाणीत विवरण बेगर यस आ.व.मा समेत खर्च गरेको अनियमित देखिएको रु	३८९८३५।
४८.	**खसी बोका संकलन केन्द्रः** यस नगरपलिका क्षेत्र भित्र खसी बोका संकलन केन्द्र स्थापना गर्नका लागि मिति २०७६ श्रावण २७ गते काका निर्माण सेवासँग कर समेत रु ५१८९०९२।२८ सम्झौता भएको पाइयो । कार्यसम्पन्न गर्ने अवधि २०७६/११/३० सम्म रहेको छ । सो फर्मले मिति २०७६/९/११ मा विजक नं. १० बाट कर समेत रु. ३८७६४२७।१५ को रनिङ बिल पेश गरेकोमा न.पा चालु भौ.नं. २२३ बाट कर र धरौटी कट्टा गरी रु. १०३२९८६ भुक्तानी भएको छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमबाट भौ.नं. ५ बाट कर र धरौटी कट्टी गरी रु. ३४५४५७४ भुक्तानी भएको छ । अन्तिम बिलमा रु. ५१०७११३.८९ को कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा प्रथम रनिङ बिलको भुक्तानी रकम उल्लेख गरेको देखिएन । अघिल्लो बिलको भुक्तानी रकम नलेख्दा फर्मलाई बढी भुक्तानी हुन सक्ने हुँदा भूक्तानी यकिन गरि ठेक्का विल मिलान गरेको प्रमाण पेश हुनु पर्दछ ।	
४९.	**पूर्वाधार विकास कार्यालयलाई भुक्तानीः** चैनपुर बाह्रविसे सडक कार्यक्रमका लागि भनि पूर्वाधार विकास कार्यालयको नाममा रु.१६७९००८ भुक्तानी भएकोमा सोको रकम के कुन प्रयोजनमा भुक्तानी भएको हो, प्रमाण कागजात बेगर खर्च लेखिएकोले सो प्रयोजन खुल्ने कागजात पेश गर्नुपर्ने रु.	१६७९००८

	पशु विकास कार्यक्रम चालु	
५०.	**लाभग्राहीको अभिलेख** पशु विकास कार्यक्रम तर्फ पशुपालक कृषकहरुलाई बोकाको विउ, पाठा पाठी, बंगरको पाठा पाठी, कुखुरा लगायतका पशुपन्क्षीहरु निशुल्क वितरण, सुधारिएको गोठ निर्माण, गाई, बाख्रा, बंगुर तथा कुखुराको औषधि वितरण लगायतका कार्यक्रमहरु सञ्चालन गरी रु ९२२०४८३ खर्च गरेको छ ।अनुदान प्राप्त गर्ने लाभग्रहीहरुको अभिलेख विवरण अद्यावधिक नगरेकाले वास्तविक र अनुदान पाउन योग्य किसानहरुले पाय भन्ने सकिएन । वितरित वोयर वोका समूहको जिम्मेवारीमा रहने र ती बोकाको अनिवार्य पशु विमा नगराएको र सो को प्रगति मासिक र द्विमासिक रुपमा पठाउनु पर्ने व्यवस्था भएकोमा पशु विमा नभएको र ती उन्नत जातका बोका सामूहिक हितमा उपयोग भए नभएको सो को अनुगमन अभिलेख पेश भएको छैन । अनुदान वितरणबाट कृषकको जिवनस्तरमा कस्तो सुधार आयो, गत वर्ष र आगामी आर्थिक वर्षमा एउटै लाभग्राही दाहोरीने सम्भावनालाई ख्याल गर्दै अनुदान पाउने लाभग्राहीहरुको अभिलेख राख्नु पर्ने देखिन्छ ।	
५१.	**बढी भुक्तानीः** ६३-३।३० मासु पसल सुधार कार्यक्रम ५० प्रतिशत अनुदानमा दुर्गा मणि खड्काको न्यू मासु पसलसँग कुल रु. २००६६०।७० को लागत अनुमानमा सम्झौता भएको देखिन्छ । कार्यसम्पन्न प्रतिवेदनमा रु. १४३०७०।८६ को मात्र कार्य भएको देखिन्छ । सो बमोजिम रु ६८०९१ मात्र भुक्तानी हुनुपर्नेमा रु ९५५०० भुक्तानी भएकोले कार्यसम्पन्न प्रतिवेदन भन्दा बढी भएको भुक्तानी रकम असूल हुनुपर्ने रु	२७४०९
	कृषि कार्यक्रम चालु	
५२.	यस वर्ष नगरपालिकाले आलु, च्याउ, गहुँ मकै उखु सुन्तला लगायतका कृषिजन्य उत्पादनको वीउ तथा विरुवा वितरण, साना सिंचाई आयोजना, मिलिटेलर वितरण लगायत कृषि कार्यक्रम तर्फ रु ६४८२६९६ खर्च भएको छ । यी विउ,विजन र वाली नाली तथा तरकारी र फलफूलका विरुवा वितरणलगायत कार्यक्रमबाट कृषि उत्पादनमा के कति उपयोग वा टेवा पुगेको र त्यसबाट कृषकहरुको उत्पादन, आयस्तरमा पुर्याएको योगदान र प्रभावकारिता सम्बन्धमा नियमित अनुगमन गर्नुपर्नेमा बर्षको अन्तिमतिर अनुगमन गरेको पाइयो । लाभग्राहीको अभिलेख अद्यावधिक गरी अनुदान कार्यक्रममा सबै कृषकहरुको पहुँचको सुनिश्चितता हुनुपर्दछ ।	
५३.	**फरक स्पेशिफिकेसनः** ४०-३/२८ नगरपालिकाको ७० प्रतिशत अनुदान र कृषकहरुको ३० प्रतिशत लागत सहभागितामा मिनिटेलर वितरण कार्यक्रमका लागि रु.१०४२००० खर्च गरेको छ । कार्यालयले दररेट माग गरी न्यून मूल्याङ्कन भएको कृष्ण कृषि औजार सप्लायर्सबाट रु.६७७०० प्रति थान दरको मिनिटेलर **7HP (178F)** स्वीकृत गरिएको पाइयो । सो फर्मबाट कृषकको नाममा छुट्टाछुटै बिजक जारी गरी २० थान मिनिटेलर आपूर्ति गरी कुल रु.१३५४००० भुक्तानी माग भई आएकोमा लागत सहभागिता कटाई रु.९४७८०० भुक्तानी हुनुपर्नेमा रु.१०४२००० भुक्तानी भएकोमा रु. ९४२०० संचित कोषमा दाखिला समेत भएको देखिन्छ । निज सप्लायर्सले **7HP HT105F** मोडलको मिनिटेलर आपूर्ति गरेको बिल बिजकबाट देखिन्छ ।यसरी कोटेशन माग गर्दा एउटा र आपर्ति हुँदा अर्कै स्पेशिफिकेसन हुनुको स्पष्ट जवाफ पेश हुनुपर्ने रु.	९४७८००
	महिला बालबालिका तथा समाज कल्याण	
५४.	यस वर्ष महिला बालबालिका तथा समाज कल्याण कार्यक्रममा रु १२९६६८७ खर्च भएकोमा तिज विशेष कार्यक्रम मनाउन विभिन्न महिला समूहलाई रु १३६०७२ भुक्तानी भएको छ । त्यस्तै शाखाबाट संचालित अन्य कार्यक्रमहरुमा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्नुपर्ने उल्लेख छ । सक्षमता अभिवृद्धि, सीपविकास पुँजी सिर्जना हुने उत्पादकमूलक कार्यक्रममा खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।	
५५.	**चैनपुर उद्यमशील एकल महिला समूह अनुदानः** १६-११।१७ चैनपुर उद्यमशील एकल महिला समूह चैनपुरलाई अनुदान वापत रु ५००००० भुक्तानी भएको छ । सामाजिक विकास मन्त्रालयबाट समेत रु.१० लाख प्राप्त गरी	

	अल्लोजन्य कपडा उत्पादन शूरु गरेको र नगरपालिकले मिति २०७६/३/२६ गते मन्त्रालयसँग रु.५ लाख समूहलाई उपलब्ध गराउने प्रतिवद्धता गरेको भनि समूहद्वारा अनुदान माग भएकोमा कार्यापालिकाको मिति २०७६/१०/२१ को निर्णयले सो समूहलाई रु.५ लाख दिने निर्णय गरेको देखिन्छ । यसरी समूहलाई दिएको अनुदानको कुन कार्यमा खर्च भयो अनुदानको सदुपयोग भए नभएको समूहका सदस्यहरुमा अनुदान प्रभाव कस्तो रह्यो भन्ने सम्बन्धमा नगरपलिकाद्वारा नियमित अनुगमन भएको देखिएन । पालिकाको अनुदानको अनुगमन हुनुपर्दछ ।	
५६.	**शिर्षक फरक पारी खर्चः** २३-३।२३ नारी दिवस कार्यक्रमका लागि छुट्याइएको बजेटबाट रु १००००० नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परिषदलाई आदिवासी जनजाती कार्यक्रमका लागि भुक्तानी भएको पाइयो।जुन शिर्षकमा बजेट विनियोजन भएको सो शिर्षकमा खर्च नगरी अन्य शिर्षकमा खर्च गर्नु अनियमित देखिएको रु	१०००००
५७.	**लेखा कर्मचारीबाट कार्यक्रम पेश्कीः** ६-८/८ लेखाअधिकृत रुद्रमणी श्रेष्ठले लैंगिक हिंसा कार्यक्रमका लागि पेश्की लिई रु.२१०००० मा कार्यक्रम संचालन गरेको देखियो । लेखामा काम गर्ने कर्मचारीले पेश्की लिई कार्यक्रम संचालन गर्नु नियम विपरीत देखिएको छ ।	
	शिक्षा चालु तर्फ	
५८.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरण अनुदानबाट पालिका अन्तर्गतका ५८ वटा विद्यालयका दरवन्दी वेगरका निजि शिक्षक कर्मचारीहरुलाई रु.७८९६९४३ तलब भत्ता भुक्तानीका लागि विद्यालयको खतामा अनुदान निकासा गरेको देखियो ।शैक्षिक व्यवस्थापनका लागि भएको भुक्तानीको उपयोगिता भए नभएको अनुगमन प्रतिवेदन पेश नभएकोले एकिन हुन नसकेको हुदा पेश हुनु पर्ने रु	७८९६९४३

भौ.नं. र मिति	विवरण	रकम
२-६/९	सामुदायिक विद्यालयलाई अनुदान तलब भत्ता प्रथम त्रैमासिक	२७६७२००
२०-१०/२७	दोस्रो त्रैमासिक	२३०७३४३
३३-३/६	तेस्रो त्रैमासिक	२८२२४००
जम्मा		७८९६९४३

५९.	**विद्यालयलाइ अनियमित अनुदानः** ४०-३/२९ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ अनुसार सालबसाली विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षक तथा उपशिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यका निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था छ। त्यस्तै स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा बजेटको परिधिभित्र रहि खर्च गर्नुपर्ने उल्लेख छ । नगर कार्यापालिकाको मिति २०७७/०१/२१ गतेको बैठकको निर्णय नं. ५ मा नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा आधारभूत तह संचालन भएका विद्यालयहरुलाई शिक्षा विभागबाट प्रदान गरिएको अनुदान कट्टा भएको हुँदा उक्त कोटा बराबरको रकम निकासा दिने निर्णय भएको देखियो । सो अनुदान वापतको रकम वित्तिय समानिकरण तर्फको ई.सि.डि. सामान खरीदको बजेट रु १२२५००० बाट देहायका ७ वटा विद्यालयहरुलाई अनुदान प्रदान गरिएको छ । शिर्षक फरक पारी गरिएको खर्च अनियमित देखिको रु.	१२२५०००

सि.नं.	विद्यालयको नाम	अनुदान रकम
१.	सिंहेश्वरी आ.वि. कोक्सा	१७५०००
२.	सिंहेश्वरी आ.वि. तालेवा	१७५०००
३.	हिमगंगा आ.वि. चापाभुई	१७५०००
४.	गणेश आ.वि. सिङरिङ	१७५०००
५.	वानेश्वर आ.वि. खहरे	१७५०००

६.	पंचकन्या आ.वि. खालिङ	१७५०००
७.	धर्मदेवी आ.वि. कल्लेरी	१७५०००
	जम्मा	**१२२५०००**

६०. **अनियमित भूक्तानी** ४०-३/२९ वित्तिय समानिकरण तर्फको ई.सि.डि. खरीद का लागि छुट्याईएको बजेटको रु.४३५००० बाट देहायका विद्यालयलाई मा.वि. राहत शिक्षकको तलब भनि सम्बन्धित विद्यालयको खातामा जम्मा गरेको देखियो । तोकिएको बजेट शिर्षकबाट खर्च नगरी अन्य बजेट शिर्षकबाट खर्च गरिएकोले नियमित देखिएन रु ४३५०००

सि.नं.	विद्यालयको नाम	रकम
१	सरस्वती मा.वि. मैदाने	३६००००
२	भगवती मा.वि. चित्लाङ	७५०००
जम्मा		४३५०००

६१. **न्यानो स्वीटरः** नगरपालिकाक्षेत्र भित्र रहेका ५९ सामुदायिक विद्यालयको बालबिकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि जाडोबाट बच्नका लागि स्वीटर वितरण गर्ने कार्यक्रम स्वीकृत गरी खरीद प्रक्रिया मिति २०७६/९/१६ मा अगाडी बढाइएकोमा कुल ३५१० थान न्यानो स्वीटर खरीद गर्नका ३ वटा फर्महरुबाट शिलबन्दी दरभाउपत्र पेश भएकोमा दुई वटा फर्महरु करचुक्ता प्रमाणपत्र पेश नगरेकोले सारभूत रुपमा प्रभावग्राही नभएकोले अर्को फर्म न्यू हिमालय ट्रेडसको दरभाउपत्र यथावत राखी दोस्रो पटक सूचना प्रकासन गर्दा समेत कुनै दरभाउपत्र पेश हुन नआएकोले निज फर्म सारभूत रुपमा प्रभावग्राही भई छनौट भएको देखिन्छ । सो फर्मसँग भ्याट बाहेक रु १६२२५५०। मा सम्झौता भएकोमा सम्झौता मिति २०७६ माघ १५ लाई केरमेट गरी दस्तखत गरिएको छ भने २०७६ माघ मसान्तसम्म कार्यसम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा माघ महिनालाई समेत सच्चाई चैत्र मसान्त बनाई सहि गरिएको छ । यसरी सम्झौता पत्रमा केरमेट गरी सम्झौता गरेको देखिएकोले यो उचित देखिएन । लकडाउन समयमा कार्यसम्पन्न गर्नुपर्ने गरि यसोगर्ने कर्मचारीलाइ जिम्मेवार वनाइ वास्तविक के भएको एकिन गरि पेश हुनु पर्दछ ।

६१.१. **उदेश्य विपरित भएको खरीद** उक्त फर्मले सुरु लटमा मिति २०७६/११/१५ र विजक नं. ०६६ बाट ७५० थान स्वीटर आपूर्ति गरेको पाइयो । मिति २०७६/१२/२८ मा विशेष परिस्थितिको कारण देखाई ३ महिनाको म्याद थपको निवेदन पेश गरेकोमा २०७७ अषाढ २० सम्मको म्याद थप गरिएको पाइयो । फर्मले मिति २०७७/३/१२ बिजक नं. ०७८ बाट २७६० थान स्वीटर आपूर्ती गरेको देखियो । स्टोर दाखिला गरिएको सो स्वीटरहरु सबै विद्यालयमा वितरण नगरी अझै पनि केही थान स्वीटरहरु कार्यालयमै रहेको पाइयो । सामाग्रीहरु समयमै आपूर्ति नगरी ढिलाई गरेको र लकडाउन समयमा खरीद कार्य गरी हालसम्म पनि खरीद भएका सबै स्वीटरहरु विद्यार्थीहरुलाई वितरण नगरिएको कारणले जुन उद्देश्यले बजेट बिनियोजन गरी खरीद गरिएको थियो सो उद्देश्य समेत पुरा भएको नदेखिएकोले खरीद तथा वितरण प्रकियामा संलग्न जिम्मेवार कर्मचारीहरुलाई जवाफदेही बनाइ यसरी उदेश्य विपरित भएको खरीद कार्यमा पालिकाबाटै आवश्यक कारवाही गर्नु पर्ने देखिएको रु १८३३४८२।

नगरपालिका पुँजिगततर्फः

६२. **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन

	नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।	
६३.	**एजविल्ट नक्सा पेश नभएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन । सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।	
६४.	**मर्मत सम्भार कोष**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।	
६५.	**नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताव नराखीदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ ।	
६६.	**घटी कर : ११५-२०७७/१/२७** कार्यपालिकाको २०७६/६/२१ को निर्णयले जिरो प्वाइन्टदेखि पोखरी बजारसम्म बज्र गुरु कन्स्ट्रक्सन बाटो कालोपत्रे कार्य गरेको स्थानमा सुपरभिजन गरेवापत ई रिवज खत्रीलाई तलबको ५० प्रतिशत इन्सेन्टिभ वापत २०७६ कार्तिकदेखि चैत्रसम्म रु.१०७९७० मा रु.१०८० कर कट्टी गरी रु.१०६८९० भुक्तानी भएको छ।उक्त कालो पत्रे सडक नगरपालिका कम्पाउण्डबाट करिब ७.५ कि.मि.दुरी भित्र पर्ने र सुपरभिजन गर्ने कार्य नियमित दायित्वभित्र पर्ने हुँदा यसरी निर्णय गरी थप सुविधा दिनु उचित देखिँदैन।इन्सेन्टिभ भत्तामा १५ प्रतिशत कर कट्टी गर्नु पर्नेमा १ प्रतिशत सा.सु.मात्र गरेकोले १४ प्रतिशत असुल हुनु पर्ने रु.	१४९५३.५०
६७.	**कटान आदेश बेगर रुख कटान : १७१-२०७७/३/१२** चैनपुरदेखि पोखरीसम्म सडक पिचको लागि साइडको दायाँबायाँ रुख बिरुवा कटान गर्न रु.६००००० को बजेट व्यवस्था गरी उपभोक्ता समितिसँग २०७६/१२/३० मा सम्झौता गरी रु.६६२६३९ भुक्तानी गरेको छ।खड्ग बहादुर कार्कीलाई रु.२१२६५० र रिम कुमार लिम्बुलाई रु.२१२६५० रुख कट्टान गरेको भनी भरपाईका आधारमा उपभोक्ता समितिका अध्यक्ष हेमन्त कुमार खत्रीले भरपाई पेश गरेको देखिन्छ।वडा नं.५ को अध्यक्षको २०७६/१२/३० को सिफारिसको आधारमा सम्झौता भै उक्त कार्य भएको देखिन्छ।सरकारी वनको रुख कट्टान गर्नु अघि डिभिजन वन कार्यालयबाट कट्टान आदेश लिनु पर्ने र सो कट्टान भएका रुखको उचित व्यवस्थापन हुनु पर्नेमा सो भएको देखिएन।आदेश बेगर कट्टान भएका रुख के कति थिए कस्ता रुख थिए र सो कट्टान पछिको काठको अवस्थाको बारेमा एकिन हुन सकिएन।अतः यस सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक निर्णय हुनु पर्दछ।	

६८.	**संचित कोषमा दाखिला गर्नुपर्ने** : १९४-३/२३ चैनपुर सहलगानी तथा सरसफाई आयोजनाको कुल लागत अनुमान रु.३१८५९२२९० र थप भेरिएसन ६२८२७७८।०४ समेतमा ७० प्रतिशत नेपाल सरकार र ३० प्रतिशत उपभोक्ता संस्थाको योगदान रहने गरि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगर र चैनपुर सहलगानी तथा सरसफाई उपभोक्ता संस्था विच २०७६/९/१४ मा सम्झौता भएकोमा सम्झौताको दफा ३ अनुसार उपभोक्ताले व्यहोर्नुपर्ने ३० प्रतिशत रकम मध्ये १० प्रतिशत नगदै दाखिला गर्नुपर्ने र २० प्रतिशत श्रममूलक कार्य गर्नुपर्ने उल्लेख छ । तर उपभोक्ताले दाखिला गर्नुपर्ने नगद मध्ये नगरपालिकाले गत वर्ष नै रु.१२२००००० जम्मा गरी सकेको देखिन्छ।यस वर्ष पनि समितिको २०७७/३/१४ को निवेदन माग बमोजिम आन्तरिक श्रोतबाट रु.५५००००० र नेपाल सरकारको अनुदानबाट रु.२७००००० समेत रु.८२००००० भुक्तानी गरेको देखियो । उपभोक्ता आफैले दाखिला गर्ने भनि गरेको सम्झौता विपरित नगरपालिकाले नै समितिलाई भुक्तानी गरेको रकम गत वर्पको समेत फिर्ता प्राप्त गरी नेपाल सरकारको सम्बन्धित कोषमा र नगरपालिका आन्तरिक स्रोततर्फ संचित कोषमा दाखिला गर्नुपर्ने रु.	८२०००००
६९.	**सडक कालोपत्रे** ११४-१/२७ चैनपुर जिरोप्वाइन्ट देखि पोखरी बजार कालोपत्रे कार्यको बज्रगुरु कन्ट्रक्सनलाई २०७७/१/२२ को वीजकबाट दोस्रो विल रु.३५७१००९०।९१ पेश भएकोमा गोश्वारा भौचरको डेविटमा रु.२०६१७८१।०९ थप गरी रु.३७७७१८७२ बजेट खर्च जनाई पेश्की रु.११०४००००. अग्रीम कर रु.४७७९०४. धरौटी रु.१५९३०११. नि.व्य.कोष रु३१८६१. आधा मु.अ.कर रु.२०५४१२०. र कन्टिन्जेन्सी रु.१७९८४२२. समेत जम्मा रु.१६९९५३१८. कट्टा गरी व्यवसायलाई रु.२०७७६५५४। भुक्तानी दिएकोमा निम्न देखियो ।	
६९.१.	**फिर्ता दाखिला गर्नुपर्ने** पेश भएको कार्यको दोस्रो विलमा कन्टिन्जेन्सी वापत रु.२०६१७८१।०९ थप गरेकोमा व्यवसायीलाइ विल भूक्तानी गर्दा भने दायित्व कन्टिन्जेन्सी कट्टा भनि रु.१७९८४२२. मात्र गरेको देखियो । यसरी सुरु विलमा जोडेको रकम भन्दा व्यवसायीलाइ भूक्तानी गरेको विलमा कट्टा गर्नु पर्ने भन्दा घटी कट्टी गरेका कारण रु २६३३५९। बढी भुक्तानी भएकोले सो फिर्ता दाखिला गर्नुपर्ने रु.	२६३३५९.
६९.२.	**कन्टिन्जेन्सी बढी खर्च** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा निर्माण कार्यको अनुपातमा मात्र गर्नुपर्नेमा सडक कालोपत्र कार्यको लागत रु.६३२७३१३९।८७ मा ५ प्रतिशत कन्टिन्जेन्सी रु.३१६३६५६।९९ मु.अ.कर रु.८२२५५०८।१८ कुल लागत रु.७४६६२३०५।०४ भै बज्रगुरु कन्ट्रक्सनसँग २०७५/१/२० मा २०७६/१/२ भित्र कार्य सक्ने गरी रु.६३२७१७९२।६७ मा सम्झौता भएकोमा दोस्रो विलसम्म मु.अ.कर रु.५४०८२४५।१० समेत रु.४७०१०१३०।४६ को मात्र कार्य गरेकोले ७४.३० प्रतिशत कार्य भएको देखिन्छ । तर कन्टिजेन्सी वापत रु.२३९३८९६ कट्टा गरी ७५.६७ प्रतिशत खर्च भएकोले निर्माण कार्य भन्दा १.३७ प्रतिशत बढी अर्थात रु.४३३४२।१० खर्च गरेकोले अनियमित देखिएको रु.	४३३४२.१०
६९.३.	कालोपत्र गर्ने कार्य २०७६/१/२० मा सम्पन्न गरी सक्नुपर्नेमा २०७७ आषाढ मसान्तसम्म ७५ प्रतिशत मात्र कार्य गरेको देखिन्छ । निजलाई २०७७/६/३० सम्म म्याद थप गरेको देखिन्छ । तर सम्झौता मध्ये के कति कार्य सकियो र बाँकी रहेको कार्य सम्पन्न गर्न लाग्ने वास्तविक समय एकिन गरि प्राविधिक प्रतिवेदनको आधारमा विशेष परिस्थिति उल्लेख गरी म्याद थप गरेको देखिएन ।	
६९.४.	**मु.अ.कर भुक्तानी** जोशी आइस स्टोर चैनपुरको २०७२/७३ देखि आयकर ननफाईल रहेको देखिन्छ । मु.अ.कर २०७१ श्रावण देखि नन फाईलर देखिएकोले निम्नानुसार मु.अ.कर भुक्तानी वापतको रकम दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा फिर्ता दाखिला गर्नु पर्ने रु.	२५५११३

भौ.नं. मिति	समिति/संस्था	बिजक नं	बिजक मिति	जम्मा भुक्तानी	मु.अ.कर	खरीद सामानहरु
१३७-२/१७	पोखरी खत्री गाउँ सडक ढलान उ.स.	२८०	२/१६	५५१५०३.२८	६३४४७	ढण्डी सिमेण्ट आदि
१४२-२/१८	जनसेवी कृषक समूह	२३८	१/२६	१००३५५	११५४५	विभिन्न कृषि सम्बन्धी सामाग्री
१७२-३/१३	पोखरी खत्रीगाउ सडक	३४२	३/९	५२५४५०	६०४५०	सिमेन्ट
२०२-३/२६	लेवारिङ खानेपानी आयोजना	३९१	३/२०	१९८७६७	२०८६७	एच.डि.पि.पाईप

२०९-३/२७	हात्तिसुडे हुँदै पिलुवा दोभान	४६०	३/२५	२४००००	३१२००	सिमेन्ट
२२१-३/२८	पोखरी तिखिढुंगा मोटर बाटो	४३२	३/२४	२६२७२५	३०२२५	सिमेन्ट
२-५/१९	पोखरी देखि खत्रीगाउँ सडक मर्मत	केरमेट	३/२०	२६३२११	३०२८१	डण्डी
२-५/१९	पोखरी देखि खत्रीगाउँ सडक मर्मत	केरमेट	३/२०	५४६००	७०९८	पाईप
जम्मा					२५५११३	

क्र.सं.	विवरण	रकम
७०.	**ढुवानी कर १७२-३/१३** पोखरी खत्रीगाउँ सडक ढलान समितिले जोशी आइस स्टोर चैनपुरको मिति २०७७/३/९ को बीजक ३४२ बाट रु.५२५४५० मूल्यको ६०० वोरा सिमेन्ट खरीद गरेको देखिन्छ । तर समितिले पेश गरेको भरपाईमा ना.५.ख.६२३८ को गाडिबाट विष्णु प्रसाद काफ्लेले ६०० वोरा सिमेन्ट इटहरीबाट चैनपुरसम्म ढुवानी गरेको भनि प्रतिवोरा रु.२२५ ले रु.१३५५०० बुझेको देखीएको छ । चैनपुरको विलबाट खरीद भएको र इटहरीबाट ल्याएको भन्ने कुनै प्रमाण संलग्न छैन । नियमानुसार १० प्रतिशत ढुवानी कर १३५०० कट्टी गरेर भुक्तानी हुनुपर्नेमा सो नगरेकोले असूल हुनुपर्ने रु.	१३५००
७१.	**विल भन्दा बढी भुक्तानी १५३-२/३०** खराङ हात्तिसुडे पिलुवा दोभान सडक स्तरोन्नती कार्य गरी मंगलदेवि कन्ट्रक्सनले २०७७/२/२५ को बीजक १५ अनुसार एकमुस्ट परिमाण उल्लेख गरी रु.१३०८२४२।२४ को बिल पेश भएको छ । कार्यको ठेक्का विल व्यवसायीले प्रमाणित गरी पेश भएको छैन । तर भुक्तानी दिने रु.१३२३५२१ ब.ख. जनाएकोले विल भन्दा बढी भुक्तानी भएको रकम फिर्ता असूल हुनुपर्ने रु.	१५२७८.७६
७२.	**सोझै खरिदः २१७-३/२७** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । अन्य सार्वजनिक निर्माण तथा सूचना प्रविधि शिर्षकमा रु.१५००००० बजेट व्यवस्था भएकोमा २०७७/२/६ को खरीद इकाई समितिको निर्णयले कार्य प्रकृतिको कारण ३ वटा दरभाउपत्रबाट गर्ने निर्णय गरी सार्वजनिक खरीद नियमावली, २०६४ भन्दा फरक गरी निम्नानुसार ३ वटा फर्मबाट कार्य गरी भुक्तानी गरेको देखियो । सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार प्रतिस्पर्धाको माध्यमबाट खरिदकार्य गर्नुपर्नेमा दरभाउपत्रबाट खरिद गरी अनियमित खर्च गरेको रु.	१४९४४५०

फर्म	कार्य	रकम
क्रियटीभ कम्प्युटर सेन्टर	सोलार जडान र ईन्भटर जडान गर्ने	४९६६५०
बज्र क्रियटिभ कम्प्युटर सेन्टर	इन्टरनेटको सामान खरीद र जडान गर्ने	४९९८००
साकार इन्टर प्राईजेज	सोलार ब्याकअप र इन्टरनेट सामान फिट गर्ने	४९८०००
जम्मा		**१४९४४५०**

७३.	**फिर्ता असूल हुनुपर्ने २१७-३/२७** क्रियटिभ कम्प्युटरबाट खरिद भएको सोलार प्यानलमा मुल्य अभिवृद्धिकर छुट भएकोमा क्रियटिभ कम्प्युटर सेन्टरले २०७७/३/१५ मा पेश गरेको विलमा बेट्री सहितको २ वटा सोलार प्लानलको रु.२९०३८० मा १३ प्रतिशत मु.अ.कर समेत भुक्तानी भएकोले फिर्ता असूल हुनुपर्ने रु.	३७७४९.४०
७४.	**२१८-३/२७** स्वस्तिक नेटमाइन्डस प्रा.लि. को २०७७/३/१५ को विल अनुसार योजना तथा कार्यक्रम संचालन सम्बन्धी (web base software) सफ्टवेयर जडान गरेवापत रु.२८२५०० भुक्तानी भएको छ । उक्त सफ्टवेयर specification अनुसार भए नभएको प्राविधिक जाँच नभएको र आधिकारिक संस्थाबाट स्वीकृत प्राप्त भए नभएको एकिन भएन । स्वीकृत प्राप्त software मात्र पालिकाले प्रयोगमा ल्याउनुपर्दछ ।	
७५.	**भवन निर्माण (गत वर्षको दायित्व)** चैनपुर नगरपालिका कार्यालय भवन निर्माण गर्न पुष्पाञ्जली कन्ट्रक्सनसँग २०७५/२/१ मा रु.२७४५८९९९।९८ को सम्झौता भएकोमा उक्त कार्य २०७६/२/१ भित्र सम्पन्न गर्नुपर्ने देखिन्छ । प्राप्त विवरणमा २०७७/७/३० सम्म म्याद थप भएको उल्लेख छ । व्यवसायीले मिति २०७७/३/२९ मा दर्ता गरेको भुक्तानी माग निवेदनमा स्टकचरको निर्माण कार्य सकेकोले भुक्तानी पाउँ भनि २०७६/३/३० को बीजक नं. २२ मा रा.वा.वैंक गौशाला शाखाको खाता नं. १३४००००६५९०१ मा जम्मा	

	गरिदिन भनि रु.७६६१२६।४७ मु.अ.कर समेत रु.६६६४६२२।४१ को रनिङ्ग विल उल्लेख नगरी र कार्यको ठेक्का विल वेगर माग गरेकोमा पेश्की कर धरौटी र गत वर्षको बेरुजु समेत रु.२११६०८५ कट्टा गरी निजलाई रु.४५४८५३७ भुक्तानी दिईएकोमा निम्न देखियो ।	
७५.१	**मु.अ.करः** बिल मुल्यमा रु.७६६७२६।४७ मु.अ.कर दिएकोमा ५० प्रतिशतले रु.३८३३६३।२३ कट्टी गर्नुपर्नेमा नगरी दिएकोले दाखिला हुनुपर्ने रु.	३८३३६३.२३
७५.२	**हर्जनाः** निजको म्याद २०७६/२/१ सम्म मात्र रहेकोमा म्याद गर्नुपर्ने कारण म्याद थप माग निवेदन र वास्तविक बाँकी कार्य गर्न लाग्ने समय उल्लेख गरी प्राविधिक प्रतिवेदन वेगर २०७७/३/२४ को कार्यपालिकाको निर्णयले बैंक जमानत पेश गरेपछि मात्र म्याद थप गरिने भिन उल्लेख गरेको आधारमा २०७७/३/२९ मा परफरमेन्स वण्ड र २०७७/३/२८ मा पेश्की जमानतको नवीकरण पेश गरेको छ । सुरु सम्झौताको म्याद समापन पछि जमानत नविकरण नगरेको, सुरु कार्य तालिका बमोजिम कार्य नगरेको र विषेश परिस्थिति उल्लेख गरी म्याद थप माग नगरेको अवस्थामा हर्जना नलिई एकै पटक १ वर्ष ७ महिना २९ दिन म्याद थप गरेको कानून सम्मत नदेखिएकोले ढिला दिन ६० को सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२१ बमोजिम प्रतिदिन १३७२९।५० का दरले हर्जना वापत रु.८२३७७० कट्टा नगरी भुक्तानी दिएकोले सो असूल हुनुपर्ने देखिएको रु.	८२३७७०
७५.३	व्यवसायीलाई भुक्तानी गर्दा स्वीकृत ढाँचाको ठेक्का विल म.ले.प.फा.नं. ५०४ तयार गरेको छैन । अद्यावधिक जम्मा कार्यमा प्रथम विलसम्म के कति कार्य भएको थियो सो घटाई दोस्रो विल रकम भुक्तानी हुनुपर्नेमा लुज नापी किताबका आधारमा मात्र भुक्तानी भएको देखिएकोले पेश भएको विल रकम रु.६६६४६२२ नै ठीक हो भनि एकिन हुनसक्ने अवस्था नभएकोले वास्तविक भुक्तानी दिनुपर्ने रकम एकिन भै पेश हुनुपर्ने देखियो ।	
७५.४	**नपुग दाखिला** व्यवसायीलाई २०७५/९/११ मा रु.४७८०००० मोविलाईजेसन पेश्की दिएको छ ।निजले भौ.नं. २१ २०७५/९/१३ मा रु.५७८१२६८ को प्रथम विल भुक्तानी लिइसकेको देखिन्छ ।दोस्रो विल पेश गर्दा अद्यावधिक कार्य गरेको स्वीकृत म.ले.प.फा.नं. ५०४ को ढाँचामा ठेक्का विल पेश नगरी नापि सिटको आधारमा विल भुक्तानी गरेको छ । मुल नापि किताब (Master MB) नभएको र ठेक्का विल पनि नभएकोले परिमाण र रकम दोहोरो हुन सक्ने अवस्था देखियो । प्रथम विल भुक्तानि लिईए देखि १ वर्ष ६ महिना १८ दिन पछि मात्र अर्को विल पेश गरेकोले कार्यतालिका बमोजिम कार्य नगरी मोविलाइजेसन पेश्की ठेक्का कार्यमा प्रयोग नभएको अवस्था देखिन्छ । प्रथम र दोस्रो विल गरी रु.१२४४५८९० को कार्य गर्दा सम्झौताको ४५.३३ प्रतिशत हुने हुँदा सर्त अनुसार ३० प्रतिशत बढी कार्य गर्दा विलको १० प्रतिशत पेश्की कट्टा गर्नुपर्नेमा दोस्रो विल भुक्तानी गर्दा रु.६६६४६२ कट्टा गर्नुपर्नेमा रु.३५३८७४ मात्र कट्टा गरेकोले नपुग दाखिला गर्नुपर्ने रु.	३१२५८८
७६.	**उदेश्य विपरित खर्च** कार्यालय भवन निर्माण सम्पन्न गराउने तर्फ पालिकाले पहल गर्नुपर्नेमा सो भएको देखिएन । भवन निर्माणमा भएको बजेट जिरो प्वाईन्ट देखि पोखरी बजार सम्म कालोपत्रे कार्य गरे वापत बज्र गुरु कन्ट्रक्सनको विल भुक्तानीमा रु.३६७७८११ र नागरिक सहायता कक्ष निर्माणमा रु.४९९९९४ खर्च गरेको छ । वार्षिक स्वीकृत कार्यक्रममा खर्च नगरी अन्यमा खर्च गर्नु उचित देखिएन ।	
७७.	**ननफाईलर १६३-३/४** मु.अ.कर दर्ता नं. ३०२५७२५३१ भएको लक्ष्मी ट्रेडर्स चैनपुरको २०७७/२/२० को ३७२ बीजक र २/२९ को ३८२ बीजकबाट विल मुल्यमा रु.२८०१४ मु.अ.कर समेत जोडेर भुक्तानी भएकोमा सो फर्म आयकरमा २०७६/७७ देखि र मु.अ.कर २०७६ फागुन देखि ननफाईलर रहेको देखिएकोले भुक्तानी लिएको मु.अ.कर दाखिला भएको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.	२८०१४
७८.	**संचित कोषामा जम्मा गर्ने रकम आपुर्तकको खातामा जम्मा गरेको : २३७-३/३१** बिभिन्न मितिमा कट्टी भएको रकमहरु संचित कोषामा दाखिला गरिएको भनि रु.१३७७२२० बैंक क्रेडिट गरी विविध डेविट गरेकोमा स्रेस्ता परीक्षण गर्दा मु.अ.कर दर्ता नं. ३००२४४३६६ भएको आशिश एण्ड ब्रदर्स चैनपुरको २०७७/३/२७ को ५३ वीजकबाट अनुगमन गर्न निजको गाडी प्रयोग गरेको भनि मिति २०७६/५/११ मा शाक्य ट्राभल्स एण्ड टुरसँग	

	भएको सम्झौता राखी मिति २०७७/४/४ मा आशिश एण्ड ब्रदर्सको रा.वा.बैंकको २०३०००३११३०१ खातामा रु.१०००३४३। जम्मा गरेको देखिएता पनि बैंक स्टेटमेन्ट हेर्दा मिति २०७७।४।४ मा रु.१३७७२२०। रकम नै निजले साटेको देखिन्छ । बास्तवमा यो भाडा वापतको रकम नगरपिलका चालु तर्फको मिति २०७६।६।६ को भौचर १५ बाट ३३४०००।र २०७६।११।१७ को भौचर ३२१ बाट २३००००।तथा नगरपलिका पूजिगत तर्फको मिति २०७६।११।१७ को भौचर ९४ बाट २२६६५९। समेत रु ७९०६५९। भूत्तानी भै सकेको अवस्थामा २०७७।३।३१ मा संचित कोषामा जम्मा गर्ने भनी गोश्वरा भौचर खडा गरेकोमा दोहोरो भूक्तानी हुनेगरि आपुर्तकको खातामा रकम जम्मा गरेकोले पालिकाबाटै आवश्यक छानवीन हुनु पर्ने देखिएको रु	१०००३४३।
७८.१	**२३७-३/३१** भाडा वापत भुक्तानी गर्दा सम्झौताको दफा ६ तथा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्नुपर्ने भाडाकर १० प्रतिशत कट्टा नगरी भुक्तानी भएकोले रु.१०००३४३। को रु.८८५२६० मु.अ.कर बाहेकको असूल दाखिला हुनुपर्ने रु.	८८५२६
७८.२	**२३७-३/३१** आपुर्तकसँग सम्झौता हुँदा दफा ६ मा नियमानुसार कर कट्टि गरिने उल्लेख भएकोमा मु.अ.कर रु.११५०८४ को ५० प्रतिशतले रु.५७५४२ कट्टी नगरी भुक्तानी दिएकोले असूल हुनुपर्ने रु.	५७५४२
७८.३	**२३७-३/३१** नगरपालिका पूजिगत तर्फको गोश्वारा भौचर उठाउदा जम्मा महलमा डेविटमा रु.१६२६६५९ र क्रेडिटमा रु.१३७२३६३ गरी रु.२५४२९६ फरक गरेको छ । तर बैंक नगदी किताबको बैंक क्रेडिट महलमा रु.१३७७२२० उल्लेख गरी भौचार र बैंक नगदी किताबमा रु.४८५७ फरक उल्लेख गरेको छ । अतः कन्टिन्जेन्सी खातामा बाँकी रहेको रकम संचित कोषमा दाखिला भएको भौचर पेश हुनुपर्ने रु.	२५४२९६
७९.	**कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोः** ३२९-३/२१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । निम्न योजनामा कार्यसम्पन्न प्रतिवेदन पेश भएको देखिएन सम्पन्न कार्य प्रतिवेदन तयार गर्नु पर्दछ ।	

भौ.नं. मिति	समिति	सम्पन्न मिति	सम्पन्न रकम
२९९-३/२६	सराङ पिखुवा दोभान सडक निर्माण	२०७७/२४	४७१३६२९
२२१-३/२८	पोखरी तिखिढुंगा मोटरबाटो मर्मत	२०७७/३/२६	१३१९३८७
जम्मा			६०३३०१६

८०.	**उपभोक्ता समितिबाट कार्य गराएको :** खराङ पिलुवादोभान सडक निर्माण तथा स्तरोन्नतीको लागि प्रदेश सरकारको १ करोड अनुदान भएकोमा सिलबन्दी दरभाउपत्र आह्वान गर्दा लागत भन्दा ६२ प्रतिशत घटिमा कार्य गर्न मंगलादेवी कन्ट्रक्सनसंग २०७७।१।७।मा सम्झौता ४६१३६१०। भूक्तानी भएको छ । घटीमा ठेक्का सम्झौता भै बाकी रहेको रकमबाट सोही योजनामा ढलान, नाली, कटिगं, तारजाली, मेशिनरी वाल आदि कार्य उपभोक्ता समितिबाट गराउने भनी २०७७।२।२७ मा नगर प्रमुखबाट निर्णय गरी खराङ पिलुवादोभान सडक निर्माण तथा स्तरोन्नती समितिलाइ रु ५०५३४२८। भूक्तानी भएको देखियो । सिलबन्दी दरभाउपत्र आह्वान गरि प्रतिस्पर्धा गराइ ठेक्काबाट कार्य नगराएको र एकै स्थानमा निर्माण व्यवसायी र समितिबाट कार्य गर्दा कामको दोहोरोपना भए नभएको एकिन हुन सकिएन ।	
८१.	**स्पष्ट हुन पर्ने** पोखरी खत्री गांउ सडक ढलान कार्य गरेकोमा निम्नानुसार भौ.नं. र मिति बाट रु ४९३८९८६।भूक्तानी गरेको मध्ये रु ४८२८०७६। गोश्वरा भौचरमा भूक्तानी पउनेको नाम राष्टिय वाणिज्य बैक उल्लेख गरेको छ बाकी रु ११०९१०। उपभोक्ता समितिलाइ भूक्तानी भएको देखिन्छ ।को कसबाट कहां कहां कार्य भएको स्पष्ट हुन सकेन ।	

भौ.नं.र मिति	भूक्तानी पउनेको पार्टीको नाम	रकम
१३७ २।१७	राष्टिय वाणिज्य बैक	१६४५३७९।
१७२ ३।१३	राष्टिय वाणिज्य बैक	३१८२६९७।

२०६ ३।२६	पोखरी खत्री गांउ सडक ढलान उपभोक्ता समितिल	११०९१०।
	जम्मा	४९३८९८६।

८२. **हेभि इक्विपमेण्ट प्रयोगः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई कार्यालयबाट सहमति लिएको पाइएन। केही उदाहरणहरु यसप्रकार रहेका छन :

भौ.नं./मिति	उपभोक्ता समिति	पार्टीको नाम	बिजक मिति	भ्याट नम्बर	भुक्तानी
६०-१०/२९	खराङककुवा सालडाँडा सातटारे स.उ.स.	नुम कन्ट्रक्सन	२०७६/१०/२३	६०२१७०७३२	१९०५०५८
७६-११/७	मगरगाउँ झिल्के भन्ज्याङ्ग जमानेडाँडा स.उ.स.	"	२०७६/११/५	"	८६००००
९७-१/४	छैवाटोलको ठाडो वाटो मर्मत स.उ.स.	"	२०७६/१२/३०	"	२३००००
२०९-१/२१	खराङमजुवा कल्लेरी ईखुम्वा सडक	"	२०७७/१/२१	"	१५९१४८४
१२८-२/७	सुवारा राउत गाउ सडक ट्र्याक ओपन	"	२०७६/१२/३०	"	२८५०००
१०६-१/२४	वाटो निर्माण उपभोक्ता समिति	एस एण्ड एस भोजपुरे कन्ट्रक्सन	२०७६/१०/१	६०९५६४८८८	२८२०००
